यो आकाशवाणी हो ।
समाचार लेखनाथ भट्टराईबाट सुन्नुहोस् ।

मुख्य समाचार

- 'नयाँदिल्ली घोषणापत्र' जारी गर्दै ब्रिक्स शिखर सम्मेलन सम्पन्न ऊर्जा सुरक्षा र आतंकवादविरुद्ध सहकार्यमा जोड ।
- मुंबईमा छैटौं अखिल भारतीय राजभाषा सम्मेलनको उद्घाटन; गृह मन्त्री शाहद्वारा 'भाषा कुंज' र अनुवाद एपको शुभारम्भ..
- भारतद्वारा नेपाललाई दैनिक १८ घण्टासम्म विद्युत निर्यात गर्न स्वीकृति
- जम्मु–कश्मीरमा सुरक्षा अवस्था नियन्त्रणमा,उत्तरी सीमामा चिनियाँ सेनाको तैनाथी घट्यो ।
- भारतीय रिजर्भ बैंकद्वारा नयाँ निर्देशिका प्रस्ताव; अब पूरा बैंक खाता होइन, केवल शंकास्पद रकम मात्र रोक्का हुने..

1.ब्रिक्स शिखर सम्मेलन

नयाँ दिल्लीमा सेप्टेम्बर १२ र १३ तारिख आयोजित दुईदिने ब्रिक्स शिखर सम्मेलन 'नयाँदिल्ली घोषणापत्र' जारी गर्दै सम्पन्न भएको छ । सम्मेलनमा ब्रिक्स नेताहरूले सामाजिक तथा आर्थिक विकास, राष्ट्रिय सुरक्षा र जनकल्याणका लागि ऊर्जा सुरक्षा महत्वपूर्ण रहेको बताउँदै ऊर्जा बजारको स्थिरता, ऊर्जाको निर्बाध आपूर्ति र महत्वपूर्ण ऊर्जा पूर्वाधारको सुरक्षामा जोड दिएका छन् । पश्चिम एसियाको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै नेताहरूले संवाद र कूटनीतिमार्फत समाधान खोज्न आह्वान गरेका छन् । साथै, आतंकवादको कडा भर्त्सना गर्दै शून्य सहनशीलताको नीति दोहोऱ्याइएको छ । संक्रामक रोगको रोकथाम तथा नियन्त्रणका लागि ब्रिक्स एकीकृत पूर्व चेतावनी प्रणालीमा समेत सहमति भएको छ । सम्मेलनमा ११ सदस्य र १० साझेदार राष्ट्रका प्रतिनिधिहरू सहभागी भएका थिए । आफ्नो सम्बोधनमा प्रधानमन्त्री नरेन्द्र मोदीले प्रविधि तथा महत्वपूर्ण खनिजको रणनीतिक दुरुपयोगले विकासमा अवरोध पुऱ्याउन सक्ने विचार राख्दै भन्नुभयो.....

सम्बोधनमा प्रधानमन्त्री नरेन्द्र मोदीले सम्मेलनलाई उत्पादक र परिणाममुखी बनाउन सहयोग गर्ने सबै नेताहरूप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ ।

## 2.हिन्दी दिवस

देशभर आज विभिन्न रचनात्मक कार्यक्रमहरूको आयोजना गर्दै 'हिन्दी दिवस' पालना गरियो । सन् १९४९ मा आजकै दिन (सेप्टेम्बर १४) संविधान सभाले देवनागरी लिपिमा लेखिएको हिन्दीलाई देशको आधिकारिक भाषाको रूपमा अंगीकार गरेको थियो । यस ऐतिहासिक दिनको स्मरणमा मनाइने यस दिवसले देशको बहुभाषिक विविधताबीच आपसी सद्भाव, एकता र राष्ट्रिय पहिचानलाई थप बलियो बनाउँछ । 'हिन्दी दिवस' अन्तर्गत मुंबईमा आयोजित दुई दिने हिन्दी दिवस तथा छैटौं अखिल भारतीय राजभाषा सम्मेलनको उद्घाटन गर्दै गृहमन्त्री शाहले भारतका क्षेत्रीय भाषाहरू संस्कृत रूपी कमलका पंखुडीहरू जस्तै भएको बताउनुभएको छ । उहाँले सबै क्षेत्रीय भाषालाई सम्मान गर्दै हिन्दीले राष्ट्रिय एकताको बलियो पुलको रूपमा काम गर्ने उल्लेख गर्नुभयो ।

नयाँ शिक्षा नीतिले मातृभाषालाई शिक्षाको केन्द्रमा राखेको बताउँदै उहाँले प्राविधिक तथा उच्च शिक्षा मातृभाषामा उपलब्ध हुन थालेको र एआई प्रविधिमार्फत अनुवाद सहज भएको स्पष्ट पार्नुभयो । साथै, उपनिवेशवादी मानसिकताबाट मुक्त हुन र आत्मगौरव पुनर्स्थापित गर्न आफ्नै मातृभाषामा गर्व गर्न युवा तथा नागरिकहरूलाई उहाँले विशेष आग्रह गर्नुभएको छ । सम्मेलनको अवसरमा राजभाषा क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तित्व तथा संस्थालाई सम्मानित गरिनुका साथै 'भारती मल्टिलिंगुअल ट्रान्सलेसन एप' र देशको पहिलो डेटा सेन्टर 'भाषा कुंज' को समेत शुभारम्भ गरिएको छ ।

## 3.सेमिकन्डक्टर इन्डिया–२०२६

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी बुधबार नयाँ दिल्लीस्थित यशोभूमिमा पाँचौं सेमिकन्डक्टर इन्डिया–२०२६ सम्मेलनको उद्घाटन गर्नुहुनेछ ।

तीन दिनसम्म चल्ने सम्मेलनमा ४० भन्दा बढी देशका ६ सयभन्दा बढी प्रदर्शक, ३ सय अन्तर्राष्ट्रिय कम्पनी तथा अन्य प्रतिनिधिहरूको सहभागिता रहनेछ।

सेमिकन्डक्टर इन्डिया भारतको प्रमुख सेमिकन्डक्टर सम्मेलन तथा प्रदर्शनी हो। यसको आयोजना भारत सेमिकन्डक्टर मिशन, इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालय र विश्वव्यापी उद्योग संघ–सेमीले संयुक्त रूपमा गरेका हुन्।

सम्मेलनले विश्वव्यापी सेमिकन्डक्टर तथा इलेक्ट्रोनिक्स उद्योगबीच सहकार्य, नवप्रवर्तन, उत्पादन, लगानी र दक्ष जनशक्ति विकासलाई अघि बढाउन महत्वपूर्ण मञ्च प्रदान गर्ने अपेक्षा गरिएको छ।

4.भारत विद्युत निर्यात

भारतको ऊर्जा मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई दैनिक १८ घण्टासम्म विद्युत निर्यात गर्न स्वीकृति प्रदान गरेको छ। आगामी डिसेम्बर ३१ तारिकसम्मका लागि दिइएको यो स्वीकृति आज, सेप्टेम्बर १३ देखि लागू भएको छ।

मन्त्रालयका अनुसार मुजफ्फरपुर-ढल्केबर प्रसारण लाइनबाट ६०० मेगावाटसम्म र टनकपुर-महेन्द्रनगर प्रसारण लाइनबाट ५४ मेगावाटसम्म विद्युत निर्यात गरिनेछ। हालै आएको बाढीले नेपालका जलविद्युत संरचनाहरूमा ठूलो क्षति पुऱ्याई आन्तरिक उत्पादन क्षमता घटाएपछि यो अतिरिक्त विद्युतको आवश्यकता परेको हो।

भारतको यो निर्णयले नेपाललाई हालको कठिन समयमा ऊर्जाको आवश्यकता पूरा गर्न र दुई देशबीचको द्विपक्षीय ऊर्जा सहयोगलाई अझ बलियो बनाउन ठूलो सहयोग पुग्ने विश्वास गरिएको छ।

5.रक्षा मन्त्रालयद्वारा

भारतीय सेनाको अथक प्रयासका कारण जम्मु-कश्मीरको सुरक्षा अवस्था अहिले पूर्ण रूपमा नियन्त्रणमा रहेको छ । रक्षा मन्त्रालयद्वारा जारी वार्षिक प्रतिवेदन २०२५-२६ अनुसार जम्मु-कश्मीरमा हिंसात्मक घटनाहरूमा भारी गिरावट आएको छ, प्रदर्शनहरू घटेका छन् र ढुंगामुढाका घटनाहरू शून्यमा झरेका छन् । गत वर्षको सैन्य कारबाही र डीजीएमओ तहको वार्तापछि त्यहाँको अवस्था धेरै हदसम्म स्थिर बनेको छ ।

प्रतिवेदनले छिमेकी राष्ट्र चीनसँगको समग्रस्थितिबारे पनि प्रकाश पारेको छ। वर्ष २०२५ मा उत्तरी सीमातर्फ चीनको पिपुल्स लिबरेसन आर्मी (PLA) को सैन्य तैनाथीमा उल्लेखनीय कमी आएको छ । भारत र चीनबीच राजनीतिक, कूटनीतिक र सैन्य स्तरमा भएका द्विपक्षीय वार्तापछि उत्तरी सीमामा सकारात्मक विकास देखिएको र स्थिति स्थिर बन्दै गएको छ । सम्भावित आकस्मिक स्थितिसँग जुध्न भारतीय सेना लाइन अफ एक्चुअल कन्ट्रोल (LAC) का सबै क्षेत्रमा पूर्ण रूपमा तयार र सक्षम रहेको मन्त्रालयले जनाएको छ ।

6.भारतीय रिजर्भ बैंक

भारतीय रिजर्भ बैंक (RBI) ले साइबर ठगी र शंकास्पद कारोबार नियन्त्रण गर्न बैंक खाता सञ्चालन सम्बन्धी नयाँ निर्देशिका प्रस्ताव गरेको छ । सर्वोच्च अदालतको आदेशअनुसार ल्याउन लागिएको यो नयाँ व्यवस्था आगामी २०२७ अप्रिल १ देखि लागू हुनेछ । नयाँ नियमअनुसार अब अबEध वा शंकास्पद कारोबार फेला पर्दा बैंकले सम्पूर्ण खाता नै बन्द वा रोक्का नगरी केवल विवादित रकम मात्र अस्थायी रूपमा रोक्का गर्नेछ । एआई (AI) प्रविधिमा आधारित प्रणालीमार्फत यस्ता शंकास्पद कारोबारहरूको पहिचान गरिनेछ । शंकास्पद देखिएको रकमको वैधता प्रमाणित गर्न खातावालालाई २० दिनको समय दिइनेछ । ग्राहकले पेश गरेको प्रमाणको आधारमा बैंकले १० दिनभित्र निर्णय लिनेछ र स्पष्टीकरण चित्तबुझ्दो भएमा रोक्का रकम तुरुन्त फुकुवा गरिनेछ । निर्धारित समयमा चित्तबुझ्दो जवाफ नदिएमा वा शंका नमेटिएमा बैंकले उक्त मामिला साइबर पोर्टलमार्फत प्रहरीलाई हस्तान्तरण गर्नेछ र प्रहरीले ३० दिनभित्र औपचारिक आदेश जारी गर्नुपर्नेछ । यस नयाँ व्यवस्थाले बैंक खाता पूरै बन्द हुँदा ग्राहकहरूलाई पर्ने मर्कालाई कम गर्ने अपेक्षा गरिएको छ ।

7.गणेश चतुर्थी

आज देशभर गणेश चतुर्थी पर्व निष्ठा र भक्तिभावका साथ मनाइँदैछ । बुद्धि, समृद्धि र सुस्वास्थ्यका प्रतीक भगवान गणेशको जन्मोत्सवको यस शुभ अवसरमा १० दिनसम्म चल्ने गणेश उत्सवको औपचारिक आरम्भ भएको छ । यस अवसरमा श्रद्धालुहरूले आ-आफ्ना घर तथा मण्डपहरूमा भगवान गणेशका माटोका मूर्तिहरू स्थापना गरी विधिपूर्वक पूजाअर्चना गरिरहेका छन् ।

दश दिनको विशेष पूजा आराधना पश्चात् जलशयमा मूर्ति विसर्जन गरिँदै यो उत्सव सम्पन्न हुन्छ । सिर्जना र विसर्जनको चक्रलाई प्रतीकको रूपमा झल्काउने यस पर्वको समापनका दिन भव्य जुलुससहित नदी, तलाउ वा समुद्रमा मूर्तिहरू विसर्जन गर्ने परम्परा रहेको छ ।

8. G20

केन्द्रीय ऊर्जा तथा आवास र सहरी मामिला मन्त्री मनोहर लाल G20 ऊर्जा मन्त्रीहरूको बैठकमा सहभागी हुन संयुक्त राज्य अमेरिका पुग्नुभएको छ ।

अमेरिकी G20 प्रेसिन्डेन्सी अन्तर्गत सोमबारदेखि बुधबारसम्म सञ्चालन हुने यस उच्चस्तरीय बैठकमा ऊर्जा र प्रचुरतासम्बन्धी विविध विषयमा छलफल हुनेछ ।

9.परराष्ट्रमन्त्री डा. एस. जयशंकर र भियतनामका समकक्षी ले होआइ ट्रुङले आज नयाँदिल्लीमा १९औं भारत-भियतनाम संयुक्त आयोगको बैठकको सह-अध्यक्षता गर्नुभएको छ ।

परिणाममुखी रहेको यस बैठकमा दुवै देशबीच राजनीतिक, रक्षा तथा सुरक्षा सहयोगलाई अझ सुदृढ पार्ने र 'मेड इन इन्डिया' रक्षा उपकरणहरूको आपूर्ति बढाउने विषयमा छलफल भएको छ । साथै, व्यापार, लगानी, आपूर्ति शृङ्खलाका साथै समुद्री र कृषि उत्पादन तथा औषधि क्षेत्रमा बजार पहुँच विस्तार गर्ने ऊर्जा सहकार्य गहिरो बनाउने, सम्पदा संरक्षण र सांस्कृतिक परियोजनाहरू अगाडि बढाउने विषयमा समेत महत्वपूर्ण सहमति भएको छ ।

10.ओमान तट

भारतले ओमानको तट नजिकै व्यावसायिक जहाज 'एमटी एल गाइया' (MT EL Gaia) माथि भएको आक्रमणको तीव्र निन्दा गरेको छ । ओमानस्थित भारतीय दूतावासले जारी गरेको विज्ञप्ति अनुसार आक्रमणमा परेका जहाजबाट हालसम्म १३ भारतीय चालक दलका सदस्यहरूलाई सकुशल उद्धार गरिएको छ भने एक जना बेपत्ता भारतीय नागरिकको खोजी कार्य जारी छ । दूतावासले ओमानका अधिकारीहरूसँग नजिकबाट समन्वय गर्दै स्थितिनिगरानी गरिरहेको जनाएको छ ।

10.महिला टी–२०

भारतले श्रीलंकालाई ७२ रनले हराउँदै महिला टी–२० एसिया कप २०२६ को उपाधि जितेको छ । यो भारतको कीर्तिमानी आठौँ एसिया कप उपाधि हो । दुबईमा गएराति सम्पन्न फाइनलमा भारतले पहिले ब्याटिङ गर्दै ५ विकेटको क्षतिमा १८३ रन बनाएको थियो । जवाफी ब्याटिङमा श्रीलंका १९ दशमलव ४ ओभरमा १११ रनमै अलआउट भयो । भारतको शानदार जितमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी र लोकसभा सभामुख ओम बिर्लाले भारतीय महिला टोलीलाई बधाई दिनुभएको छ । उहाँहरूले टोलीको उत्कृष्ट प्रदर्शन, अपराजित यात्रा र दृढ संकल्पको प्रशंसा गर्दै यो सफलताले देशका युवालाई प्रेरणा दिने बताउनुभएको छ । यसैबीच नयाँदिल्लीस्थित अरुण जेट्ली रङ्गशालामा गए राति भएको पहिलो पुरुष टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा भारतले अफगानिस्तानलाई ७ विकेटले पराजित गरेको छ । यो जितसँगै तीन खेलको शृङ्खलामा भारतले १-० को अग्रता लिएको छ ।

अन्त्यमा मुख्य समाचार फेरि एकपटक

- 'नयाँदिल्ली घोषणापत्र' जारी गर्दै ब्रिक्स शिखर सम्मेलन सम्पन्न ऊर्जा सुरक्षा र आतंकवादविरुद्ध सहकार्यमा जोड ।
- मुंबईमा छैटौं अखिल भारतीय राजभाषा सम्मेलनको उद्धाटन; गृह मन्त्री शाहद्वारा 'भाषा कुंज' र अनुवाद एपको शुभारम्भ..
- भारतद्वारा नेपाललाई दैनिक १८ घण्टासम्म विद्युत निर्यात गर्न स्वीकृति
- जम्मु–कश्मीरमा सुरक्षा अवस्था नियन्त्रणमा,उत्तरी सीमामा चिनियाँ सेनाको तैनाथी घट्यो ।

- भारतीय रिजर्भ बैंकद्वारा नयाँ निर्देशिका प्रस्ताव; अब पूरा बैंक खाता होइन, केवल शंकास्पद रकम मात्र रोक्का हुने..

ब्रिक्स सदस्य राष्ट्रका नेताहरूले ऊर्जा सुरक्षा सामाजिक तथा आर्थिक विकास, राष्ट्रिय सुरक्षा र जनकल्याणको महत्वपूर्ण आधार रहेकोमा जोड दिएका छन्।

नयाँदिल्लीमा सम्पन्न दुईदिने ब्रिक्स शिखर सम्मेलनमा सदस्य राष्ट्रहरूले ऊर्जा बजारमा स्थिरता कायम गर्दै विभिन्न स्रोतबाट ऊर्जाको निर्बाध आपूर्ति सुनिश्चित गर्नुपर्नेमा जोड दिए। साथै, महत्वपूर्ण ऊर्जा पूर्वाधारको सुरक्षालाई उच्च प्राथमिकता दिनुपर्ने विषयमा पनि साझा धारणा व्यक्त गरिएको छ।

सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले प्रविधि तथा महत्वपूर्ण खनिज स्रोतको हतियारीकरण विश्वको प्रगतिमा अवरोध बन्न सक्ने चेतावनी दिनुभयो।

'लचिलोपन, नवप्रवर्तन, सहकार्य र दिगोपनका लागि निर्माण' भन्ने मूल नाराका साथ भारतले आयोजना गरेको सम्मेलनमा जनकेन्द्रित विकास तथा ग्लोबल साउथ अर्थात् विकासशील मुलुकहरूको हितलाई विशेष प्राथमिकता दिइएको थियो।

सम्मेलनको महत्वपूर्ण उपलब्धिका रूपमा 'नयाँदिल्ली घोषणापत्र' पारित गरिएको छ। घोषणापत्रमा विश्वका प्रमुख भूराजनीतिक तथा आर्थिक विषयमा ब्रिक्स राष्ट्रहरूको साझा धारणा समेटिएको छ।

पश्चिम एसियाको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै ब्रिक्स नेताहरूले अधिकतम संयमता अपनाउन, संवाद र कूटनीतिक माध्यमबाट समस्याको समाधान खोज्न तथा सर्वसाधारण र नागरिक पूर्वाधारको सुरक्षा सुनिश्चित गर्न आह्वान गरेका छन् ।

यसैगरी, नेताहरूले सबै प्रकारका आतंकवादको कडा निन्दा गर्दै आतंकवादप्रति शून्य सहनशीलताको नीतिप्रति आफ्नो प्रतिबद्धता दोहोर्याएका छन् ।

संक्रामक रोगको रोकथाम तथा प्रभावकारी प्रतिकार्यका लागि 'ब्रिक्स एकीकृत प्रारम्भिक चेतावनी प्रणाली' स्थापना गर्ने विषयमा पनि सहमति भएको छ।

विश्व राजनीति, अर्थतन्त्र तथा बहुपक्षीय सहकार्यका दृष्टिले यसपटकको ब्रिक्स शिखर सम्मेलनलाई महत्वपूर्ण मानिएको छ